नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

# बाली उत्पादन कृषक पाठशाला सञ्चालन कार्यविधि, २०७७

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## नेपाल सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
## हरिहरभवन, ललितपुर

# बाली उत्पादन कृषक पाठशाला सञ्चालन कार्यविधि, २०७७

स्वीकृत मितिः२०७७/०६/२६

**प्रस्तावनाः** आयोजना क्षेत्रमा बालीनालीका जलवायु तथा पोषणमैत्री प्रविधिहरूको अवलम्बनबाट बाली उत्पादनमा संलग्न लाभग्राही कृषकहरुको व्यवहारिक ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गर्न, कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी आयआर्जन वृद्धि गर्न र खाद्य तथा पोषण अवस्थामा सुधार ल्याउनका लागि आयोजना दस्तावेज **(PAD)** र स्वीकृत आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** मा व्यवस्था भए बमोजिम बाली उत्पादन कृषक पाठशाला सञ्चालन गर्ने अभिप्रायले **बाली उत्पादन कृषक पाठशाला सञ्चालन कार्यविधि, २०७७** तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"बाली उत्पादन कृषक पाठशाला सञ्चालन कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** (१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"आयोजना"** भन्नाले खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनालाई सम्झनुपर्छ ।

(ख) **"आयोजना व्यवस्थापन इकाई"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत स्थापना भएको आयोजनाको केन्द्रीय कार्यालयलाई सम्झनुपर्छ ।

(ग) **"आयोजना क्लष्टर इकाई"** भन्नाले आयोजना लागु भएका जिल्लाहरूमा कार्यक्रम सञ्चालन गर्न आयोजना व्यवस्थापन इकाई अन्तर्गत स्थापना भएका आयोजना क्लष्टर इकाईहरूलाई सम्झनुपर्छ।

(घ) **"आयोजना निर्देशक समिति"** भन्नाले यस आयोजनाको आयोजना निर्देशक समितिलाई सम्झनु पर्दछ।

(ङ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्छ ।

(च) **"जलवायु तथा पोषण मैत्री प्रविधि"** भन्नाले आयोजनाले प्रवर्द्धन गर्ने हरितगृह ग्यासको उत्सर्जन न्यूनीकरण वा जलवायु परिवर्तनको असर न्यूनीकरण वा अनुकूलन र पोषण सुरक्षा प्रवर्द्धन गर्न तथा खाद्य स्वच्छतामा सुधार ल्याउन योगदान पुर्याउने प्रविधिहरूलाई सम्झनुपर्छ।



सचिव

(छ) **"कृषक पाठशाला"** भन्नाले कृषकहरूले सामूहिक रूपमा खेतबारी मै व्यावहारिक ज्ञान-सीप आर्जन गर्ने खोजपूर्ण सिकाईका तरिकाहरू अपनाई पर्यावरणीय विश्लेषणमा आधारित भई स्वस्थ एवं स्वच्छ बालीनाली तथा पशुपन्छी उत्पादनका बारेमा सिक्ने र सिकाउने एउटा थलो भन्ने सम्झनुपर्छ । बाली उत्पादनमा केन्द्रित गरी सञ्चालन गरिने पाठशालालाई "बाली उत्पादन कृषक पाठशाला" सम्झनु पर्दछ ।

(ज) **"कृषक समुह"** भन्नाले आयोजना क्षेत्रका गाउँपालिकामा दर्ता भएका कृषि तथा पशुपालन व्यवसायमा संलग्न कृषकहरुको संस्था वा संगठनलाई कृषक समूह वा उत्पादक कृषक समूह भन्ने सम्झनु पर्दछ ।

(झ) **"म्यानुअल"** भन्नाले बाली उत्पादन कृषक पाठशाला सञ्चालनका तरिका तथा विधि विस्तृत रूपमा उल्लेख गरी आयोजनाद्वारा तयार गरिएको बाली उत्पादन कृषक पाठशाला सञ्चालन म्यानुअल-२०७७ लाई सम्झनु पर्दछ ।

(ञ) **"लाभग्राही"** भन्नाले आयोजनाबाट सेवा प्राप्त गर्ने कृषक समूह वा कृषक समूहका सदस्यहरूलाई सम्झनुपर्छ ।

(ट) **"सहजकर्ता"** भन्नाले कृषक पाठशालालाई व्यवस्थित एवं प्रभावकारी रूपमा सहजिकरण गरी सिक्ने सिकाउने कार्यलाई अगुवाई गर्ने एक बाली अवधिको कृषक पाठशाला प्रशिक्षक तालिम प्राप्त दक्ष व्यक्तिलाई सम्झनु पर्दछ ।

(ठ) **"सेवा प्रदायक"** भन्नाले प्राविधिक सहायता अन्तर्गत सेवा प्रदायक संस्थाहरूबाट गाँउपालिकामा खटाईएका प्राविधिक कर्मचारी सम्झनुपर्छ ।

(ड) **"अनुगमन तथा मूल्याङ्कन अधिकृत"** भन्नाले प्राविधिक सहायता अन्तर्गत आयोजना क्लष्टर इकाईमा खटाइएको अनुगमन तथा मूल्याङ्कन अधिकृतलाई सम्झनुपर्छ ।

**३. <u>उद्देश्यः</u>** (१) यस कार्यविधिका देहाय बमोजिमका उद्देश्यहरू रहेका छन्

(क) किसानहरूको आ-आफ्नो अवस्था सुहाउँदा बालीनालीका उन्नत/उपयुक्त प्रविधिहरू पहिचान/विकास तथा प्रसारको लागि स्थलगत रूपमा सहभागितात्मक विधिबाट किसानहरूको ज्ञान सीप अभिवृद्धि गराउनु ।

(ख) बालीनालीका जलवायु तथा पोषण मैत्री प्रविधिहरूको अवलम्बन गराई उत्पादन तथा उत्पादकत्वमा वृद्धि गराउनु ।

(ग) स्वच्छ उत्पादनमा जोड दिई खाद्य तथा पोषण अवस्थामा सुधार ल्याउन टेवा पुऱ्याउनु ।

**४. <u>कार्यक्रम विवरणः</u>** (१) यो कार्यक्रम आयोजना लागु भएका आठ जिल्लाका १६ गाउँपालिकाहरू कार्यक्षेत्र हुने गरी सञ्चालन गरिनेछ ।

सचिव

(२) नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) बाट आयोजना कार्यक्षेत्रका लागि सिफारिस गरिएका जलवायु तथा पोषण मैत्री प्रविधिहरू अवलम्बन गर्न कृषकहरूलाई प्रेरित गरिनेछ।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन प्रक्रिया

५. लक्षित वर्ग तथा समूह गठनः (१) खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणले जोखिम तथा संवेदनशील वर्ग जस्तै भूकम्प र बाढी पीडित, खाद्य असुरक्षित, दलित र पिछडिएका, आदिबासी, महिला र विस्थापित समुदायलाई लक्षित गरिनेछ ।

(२) लक्षित वर्ग समावेशका लागि आयोजना लाभग्राही सर्वेक्षणबाट छनौट भएका लाभग्राहीहरू मध्ये देहायका कृषकहरूलाई प्राथमिकता दिई कृषक समूह गठन गरिनेछ ।

(क) खाद्यान्न, तरकारी, दलहन र मसलाबाली उत्पादन गर्दै आएका कृषकहरू ।

(ख) नयाँ/उन्नत/सुधारिएका प्रविधिहरूको अनुसरण गरी खाद्यान्न, तरकारी तथा दलहन बालीहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न इच्छुक कृषकहरू ।

(ग) निश्चित अन्तरालमा बाली अवधिभर र कृषक पाठशालाको नियमानुसार नियमित रूपमा सञ्चालन हुने बाली उत्पादन कृषक पाठशालामा सहभागी भै सकृय रूपले भाग लिन सक्ने कृषकहरू ।

(३) उपदफा (२) बमोजिम गठित कृषक समूह सम्बन्धित गाउँपालिकाको कार्यालयमा दर्ता गर्नु पर्नेछ साथै सम्भव भएसम्म समूहमा कम्तीमा ६५ प्रतिशत महिला सदस्यहरूको सहभागिता गराउनु पर्नेछ ।

(४) कृषक समूहलाई समूह परिचालन तथा आयोजना बारे अभिमुखीकरणका साथै अनिवार्य रूपमा समूहलाई बैंक खाता खोल्न लगाउनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम गठित कृषक समूहमा कृषक पाठशाला सञ्चालनका लागि खाद्यान्न, तरकारी, दलहन र मसलाबालीहरू मध्ये कुनै एउटा बाली दोश्रो तयारी बैठकमा समूहको सहमतिमा छनौट गर्नु पर्नेछ ।

(६) कृषक समूहमा तुलनात्मक अध्ययन र सहायक/सहयोगी परीक्षणहरू सञ्चालन गर्न आवश्यक जग्गा कम्तीमा ५०० वर्ग मिटर समूहको सहमतिमा व्यवस्था गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम सहायक/सहयोगी परीक्षणहरू सञ्चालन गर्न नेपाल कृषि अनुसन्धान परिषद् बाट हालसालै सिफारिस भएका वा सिफारिस योग्य नयाँ प्रविधिहरूको प्रयोग गरिनेछ।



सचिव

६. **पाठशाला सञ्चालनको तयारी:** (१) आयोजना क्लष्टर इकाईले दफा ५ बमोजिम गठित कृषक समूहहरूमा बाली उत्पादन कृषक पाठशाला सञ्चालन गर्न निम्न अनुसारका कार्यहरू गर्नु पर्नेछः

(क) बाली उत्पादन कृषक पाठशाला सञ्चालन गर्न प्रति पाठशाला दुईजनाका दरले सहजकर्ताको व्यवस्थापन गर्ने जसमध्य १ जना मुख्य सहजकर्ता र अर्को १ जना सहयोगी वा सहायक सहजकर्ता तोक्नु पर्नेछ ।

(ख) उपदफा १(क) अनुसार तोकिने सहजकर्तालाई कृषक पाठशाला सञ्चालनको कार्यक्रम सञ्चालन पुर्व अधिकतम ५० प्रतिशत पेश्की रकम उपलब्ध गराउन सकिनेछ साथै बाँकी रकम कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी हुनेछ ।

(ग) उपदफा १(क) अनुसार तोकिने कृषक सहजकर्ताको हकमा कृषक पाठशाला सञ्चालनको लागि करारनामा गराई उपदफा १(ख) अनुसार भुक्तानी गरिनेछ ।

(घ) सेवा प्रदायक मार्फत सम्बन्धित कृषक समूह र सहजकर्ताहरू बीच समन्वय गराउने ।

(ङ) पाठशाला सञ्चालनका लागि अभिमुखीकरण तथा आवश्यक प्राविधिक सरसल्लाह तथा सहयोग गर्ने ।

(२) एक बाली अवधिमा १ जना सहजकर्ताले बढीमा ४ वटा मात्र कृषक पाठशाला सञ्चालन गर्न सक्नेछ । कृषक समूहले निर्धारण गरेको हप्ताको कुनै एकदिन छनौट गरिएको बालीको आयोजनाको म्यानुअलमा उल्लेख भएको कार्यतालिका अनुसार अध्ययन, परीक्षण तथा तालिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(३) म्यानुअलमा उल्लेख भए अनुसार कृषक समूह व्यवस्थित तरिकाले पाठशाला सञ्चालन गर्नका लागि तोकिएका सहजकर्ताहरूले तयारी बैठकहरू सञ्चालन गर्नु पर्नेछ ।

७. **तालिम सञ्चालन:** (१) कृषक समूहमा दफा ६ बमोजिम पाठशाला सञ्चालनको तयारी पुरा भएपछि सामान्यतया हप्ताको १ दिन गर्ने गरी बाली अवधिभरको तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) कृषक पाठशाला पद्धतिको सिद्धान्त अनुरूप वातावरणीय सन्तुलन कायम राखी कृषि उत्पादनका बहु आयामिक पक्षहरू जस्तै बालीनालीका उन्नत जातहरू, ती जातहरूको बीउ उत्पादन-छनौट, उन्नत तथा सुधारिएको खेती प्रविधिका साथै कामको बोझ कम गर्न साना तथा मझौला कृषि औजार तथा यन्त्र-उपकरणहरूको प्रयोग-प्रवर्द्धन र कृषिकर्ममा लैङ्गिक सहभागिता तथा महिलाहरूको कार्यबोझमा कमी ल्याउने पहलहरू, जलवायु परिवर्तनका सवालहरूमा सचेतना जगाउदै कृषि कर्मबाट हरितगृह ग्यास उत्सर्जन कम गर्न र जलवायु अनुकूलन प्रविधि विस्तार आदिका लागि उपयुक्त निर्णय लिन सक्ने क्षमता कृषकहरूमा विकास गराउन आवश्यक सबै विषयवस्तुहरू पाठशालामा समावेश गर्नु पर्नेछ ।

सचिव

(३) पाठशालाहरू स्थलगत अध्ययन र सहभागितात्मक एवं अन्तर्क्रियात्मक सिकाई (Experiential Learning) मा आधारित हुनु पर्नेछ ।

(४) प्रत्येक कृषक पाठशालामा तुलनात्मक अध्ययन र कम्तीमा २ वटा सहायक/सहयोगी परीक्षणहरू सञ्चालन गर्नु पर्नेछ।

(५) बाली अवधिभर सञ्चालन गरिने कृषक पाठशाला भएकाले बाली अनुसारका पाठ्यक्रमहरू बाली उत्पादन कृषक पाठशाला सञ्चालन म्यानुअलमा उल्लेख गरिए अनुसार कुन बालीमा कति वटा कक्षा सञ्चालन गर्ने र कति हप्तासम्म पाठशाला चलाउने भन्ने कुरा निर्धारण गर्नु पर्नेछ ।

८. <u>कृषक दिवस सञ्चालन:</u> (१) कृषक समूहमा दफा ७ बमोजिम कृषक पाठशालाको बाली कटानी पछि वा बाली अवधिमा गर्दा बाली उत्पादन कृषक पाठशाला सञ्चालन म्यानुअल अनुसार कृषक दिवस सञ्चालन गर्नु पर्नेछ ।

(२) पाठशालाका मुख्य सिकाईहरू समुदायमा फैलाउन सकिने गरी कृषक दिवस सञ्चालन गर्नु पर्नेछ।

## परिच्छेद -३

## अनुगमन, मूल्याङ्कन तथा अभिलेख

९. <u>अनुगमन, मूल्याङ्कन तथा अभिलेख व्यवस्था:</u> (१) बाली उत्पादन कृषक पाठशाला सञ्चालन सम्बन्धी विस्तृत कार्य प्रगति प्रतिवेदन सम्बन्धित पाठशाला सहजकर्ताले पाठशाला समाप्त भएको दुई हप्ता भित्र आयोजना क्लष्टर इकाईमा पेश गर्नु पर्नेछ । कार्य प्रगति प्रतिवेदनको ढाँचा आयोजनाको म्यानुअलमा उल्लेख भए अनुसार हुनेछ ।

(२) उपदफा (१) बमोजिम विस्तृत कार्य प्रगति प्रतिवेदन तयार गर्न सम्बन्धित गाउँपालिकामा कार्यरत आयोजनाका सेवा प्रदायकहरूले सहयोग गर्ने र सो को प्रगति प्रतिवेदन अनुगमन तथा मूल्याङ्कन अधिकृतले सङ्कलन गरी मासिक, चौमासिक र वार्षिक रूपमा आयोजना क्लष्टर इकाईमा पेश गर्नु पर्नेछ ।

(३) यस कार्यविधि अनुसार सञ्चालन गरिएका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना क्लष्टर इकाईको हुनेछ । साथै आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका वा अन्य निकायसँग समन्वय गरी संयुक्त अनुगमन गर्न सकिनेछ ।

(४) कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन मासिक, चौमासिक र वार्षिक रूपमा आयोजना क्लष्टर इकाईले आयोजना व्यवस्थापन इकाईमा पठाउनु पर्नेछ ।



सचिव

## परिच्छेद -४

## विविध

१०. **आर्थिक पक्ष:** (१) यस कार्यविधि अन्तर्गत सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरुको आर्थिक पक्ष आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** को अनुसुची **3.1. IV** मा व्यवस्था भए बमोजिम हुनेछ। कार्यक्रम खर्चको भुक्तानी कार्यप्रगतिका आधारमा तोकिएका पाठशाला सहजकर्ताको बैङ्क खाता मार्फत गर्नुपर्नेछ ।

११. **गुनासो तथा उजुरी:** (१) यस कार्यक्रम सञ्चालनसँग सम्बन्धित कुनै किसिमका उजुरी वा गुनासोहरू आयोजनाको गुनासो व्यवस्थापन कार्यविधि, २०७६ अनुसार व्यवस्थापन गरिनेछ ।

१२. **अमान्य हुने** (१) यस कार्यविधिमा उल्लेख भएका कुरा प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१३. **प्रचलित कानुन बमोजिम हुने:** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरू सोही अनुसार हुने र उल्लेख नभएका विषयहरूको हकमा विद्यमान प्रचलित ऐन, कानुन, नियम बमोजिम हुनेछन् ।

१४. **बाधा अड्काउ फुकाउने:** (१) यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा आयोजना निर्देशक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१५. **खारेजी तथा संशोधन:** (१) आयोजना निर्देशक समितिले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्न सक्नेछ ।

सचिव